# जिल्ला समन्वय समितिको कार्यालय

# काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,
२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको
**( दोश्रो त्रैमासिक) कार्तिक, मंसिर र पौष** महिनामा
सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०८१ माघ

शाखा अधिकृत

# स्वत: प्रकाशन(Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोकद्धारा आ.व.०८१/८२ को ( **दोश्रो त्रैमासिक**) **कार्तिक, मंसिर र पौष** मा सम्पादित क्रियाकलापहरुको मुख्य मुख्य विवरण यस प्रकाशनमा प्रस्तुत गरिएको छ ।

२०८१/१०/०६

शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय,
काभ्रेपलाञ्चोक ।

## विषयसूची

१. जि.स.स.को स्वरुप र प्रकृति

२. जि.स.स.को काम, कर्तव्य र अधिकार

३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स.बाट प्रदान गरिने सेवा

५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. जि.स.स.को वेभसाइट

१५. जि.स.स.ले प्राप्त गरको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१६. जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

१७. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि

१८. जि.स.स.मा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

१९. जि.स.स.का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

२०. थप जानकारीका लागि सम्पर्क

जिल्ला समन्वय समितिको कार्यालय
काभ्रेपलाञ्चोक
२०७३

शाखा अधिकृत

# *जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक*

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण**

## आ.व.०८१/८२ को दोश्रो त्रैमासिक ( कार्तिक, मंसिर र पौष )

१. **जिल्ला समन्वय समितिका स्वरुप र प्रकृति**

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ। काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना नियमित रुपमा बस्ने गरको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि. श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन् । नेपालको संविधान २०७२ का साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरको छ ।

२. **जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार**

देहाय वमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

**(क)** ***नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु***

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख)** ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ -

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक

शाखा अधिकृत

प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सभ्फाव वा मागर्दर्शन दिने र त्यसरी दिएका सुभ्फाव वा मागर्दर्शनलाई सावर्जनिक गर्ने,

- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सभ्फाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने पदेश सरकारको मन्त्रालयलाई प्रत्येक आथिर्क वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुभ्फाव लिने,

(ग) **बागमती प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरु ।**

## ३. जिल्ला समन्वय समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको संख्या र कार्यविभाजन

(क)जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| क.स. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री दिपक कुमार गौतम | प्रमुख |
| २ | श्री रिम बहादुर तामाङ | उप प्रमुख |
| ३ | श्री मंगल बहादुर तामाङ | सदस्य |
| ४ | श्री कृष्ण कुमारी राई | सदस्य |
| ५ | श्री निर बहादुर लामा | सदस्य |
| ६ | श्री अप्सरा ढुंगाना सिपखान | प्रवक्ता /सदस्य |
| ७ | श्री कमल राज गिरी | सदस्य |
| ८ | श्री चण्डिका मिजार | सदस्य |
| ९ | श्री रस्मिता भण्डारी | सदस्य |

**(ख) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण:**

| क.स. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री कृष्ण ब्यान्जू | जि.स.अ./रा.प.द्वि. |
| २ | श्री भरत सापकोटा | शा.अ./रा.प.तृ |
| ३ | श्री प्रवेश आचार्य | इन्जिनियर/रा.प.तृ |
| ४ | श्री नरहरी प्रसाद खनाल - (अतिरिक्त काजमा) | लेखापाल/रा.प.अनं. प्र. |

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

शाखा अधिकृत

| | | |
|---|---|---|
| ५ | श्री किशोर कुमार रसाईली | नायव सुव्वा/रा.प.अनं.प्र. |
| ६ | श्री अर्पण पोखरेल | खरिदार /रा.प.अनं.दि. |

**(ग)जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरण**

१.सव-ईन्जिनियर- रा.प.अन. प्रथम/ प्राविधिक - १ (एक)

२. लेखापाल/रा.प.अनं. प्र.- १ (एक) ( हाल अतिरिक्त कामकाजमा जिल्ला प्रशासन कार्यालयमा कार्यरत लेखापालद्धारा काम भएको)

**जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र.स. | कर्मचारीको नाम | पद/श्रेणी | कार्यरत शाखा |
|---|---|---|---|
| १ | श्री रुपक खड्का | ना.सु.(जि.स.स.प्रमुखज्यूको निजी सचिव) | जि.स.स. प्रमुखको निजी सचविालय |
| २. | श्री राजकुमार त्रिपाठी | सवारी चालक | जि.स.स. - प्रमुख |
| ३. | श्री विनोद मुक्तान | सवारी चालक | जिल्ला समन्वय अधिकारी |
| ४. | श्री विमला परियार | कार्यालय सहयोगी | सबै शाखा |
| ५. | श्री दिनेश घिमिरे | कार्यालय सहयोगी | सबै शाखा |
| ६. | श्री लक्ष्मण बिष्ट | कार्यालय सहयोगी | सबै शाखा |
| ७. | श्री ओम कृष्ण श्रेष्ठ | सुरक्षा गार्ड | सबै शाखा |

**४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाहरु :**

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानुन बमोजिमका सवै सेवाहरु ।
- जि.स.स.बाट सम्पादन गरिने कामहरुको विवरण नियमित रुपमा सार्वजनिक गर्ने गरिएको ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

| क्र.स. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | शा.अ. श्री भरत सापकोटा<br>ना.सु. श्री किशोर कुमार रसाईली<br>ले.पा.श्री नरहरी प्रसाद खनाल<br>खरिदार श्री अर्पण पोखरेल | |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | ई.श्री प्रवेश आचार्य । | |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सवै सेवा निशुल्क रुपमा प्रदान हुने ।

**७. निर्णय गर्ने प्रकृया र अधिकार**

- शाखासंग सम्वन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक

शाखा अधिकृत

- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कायार्लय प्रमुखबाटै निर्णय हुने भनी तोकीएका विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- कार्यालयको दैनिक कामकाज सम्वन्धमा भएको निर्णय सम्वन्धी उजुरी -जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्वन्धी उजुरी -जि.स.स. प्रमुख

## ९. २०८१ कार्तिक १ देखी पौष मसान्तसम्मको सम्पादन गरिएका क्रियाकलापहरुको त्रैमासिक विवरण

- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् ,संकलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्ने जिल्ला अनुगमन समितिको बैठक मिति २०८१।०७।०६ गते सम्पन्न गरिएको।
- २०८१।०७।१४ गते बनेपामा शुभ दिपावली, नेपाल सम्बत, ल्होछार एवं छठ पर्वको उपलक्ष्मा शभकामना आदनाप्रदान र विश्व युवा महोत्सवका लागि तयार परिएको WEBSITE र LOGO सार्वजनिकीकरण गरिएको।
- २०८१।०८।२० देखी २४ गते सम्म जिल्ला समन्वय समिति र चौरीदेउराली गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित विभिन्न योजनाहरुको स्थलगत अनुगमन सम्पन्न गरिएको।
- जिल्ला समन्वय समितिको कार्यालयको सभाहलमा मिति २०८१।०८।२३ गते कालिजंग गण धुलिखेलका प्रमुख सेनानी प्रकाश बहादुर सिंहको विदाई र नयाँ प्रमुख सेनानी शिव बहादुर अधिकारीको स्वागत कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८१।०९।०२ गते जिल्ला समन्वय समिति र बेथानचोक गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन गरिएको।
- मिति २०८१।०९।०४ गते जिल्ला समन्वय समिति द्बारा पत्रकार महासंघ काभ्रेपलाञ्चोकमा नव-निर्वाचित पदाधिकारीहरुलाई बधाई तथा शभकामना आदनप्रदान कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८१।०९।०५ गते विहान बागमती प्रदेश सभाका पूर्वमन्त्रि एवं प्रदेश सभा सदस्य माननीय श्री रत्न ढकालज्यूको विषेश उपस्थितिमा जिल्ला स्थित विभिन्न विकास निर्माणका कर्यहरुको सम्बन्धमा समन्वय बैठक सम्पन्न भएको ।
- मिति २०८१।०९।०५ गते जिल्ला समन्वय समिति र पाँचखाल नगरपालिकाको लागत साझेदारीमा सञ्चालित पाँचखाल नगरपालिका घेरावार निर्माणको स्थलगत अनुगमन सम्पन्न गरिएको ।
- मिति २०८१।०९।०९ गते जिल्ला समन्वय समिति र बेथानचोक गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित बेथानचोक वडा नं-१ स्थित च्याम्राङवेशी स्वास्थय चौकी तला थप योजनाको स्थलगत अनुगमन गरिएको।

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

शाखा अधिकृत

- मिति २०८१।०९।१४ गते जिल्ला समन्वय समितिको १०७ औं बोर्ड बैठक सम्पन्न भएको र उक्त बोर्ड बैठकमा लेखापाल मिलन कार्की र जिल्ला समन्वय अधिकारीको विदाई तथा सरुवा भई आउनुभएका जिल्ला समन्वय अधिकारी श्री कृष्ण ब्यान्जूज्यू र अतिरिक्त कामकाजमा आउनुभएका लेखापाल नरहरी प्रसाद खनालको स्वागत कार्यक्रम सम्पन्न भएको।
- मिति २०८१।०९।२२ गते पनौती नगरपालिकाको सभाहलमा माननीय प्रदेश प्रमुख श्री दिपक प्रसाद देवकोटाज्यूकको प्रमुख आतिथ्यतामामा जिल्ला स्थित सबै स्थानीय तहहरु, संघीय र प्रादेशिक सरकारी कार्यालयहरुकव आ.व २०८०।०८१ को वार्षिक प्रगती समिक्षा र चालू आ.व. २०८१।०८२ को हालसम्मको अवधिको प्रगती समिक्षा कार्यक्रम सम्पन्न गरिएको। उक्त समिक्षा कार्यक्रममा स्थानीय र विषयगत कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदनलाई भिडियोमा रुपान्तरण गरी भिडियो प्रस्तुती मोडलमा फरक शैलीमा गरिएको ।
- मिति २०८१/०९/२७ बाट स्थानीय तहबाट प्राप्त FRA को प्रारम्भिक मूल्याकंन र पृष्ठपोषण गर्ने कार्य सुरु भएको र LISA को पृष्ठपोषण गर्ने कार्य सुरु भएको ।

१०. **कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

- कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री कृष्ण ब्यान्जू
- सूचना अधिकारी : शाखा अधिकृत भरत सापकोटा

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- नेपालको संविधान ,२०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाँउ /नगर/जिल्ला सभा संचालन(कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५(बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (संघीय सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (संघीय सरकार)
- वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, (पहिलो संशोधन ),२०७९ ( नेपाल सरकार)
- नदीजन्य पदार्थ (संकलन र उपयोग ) कार्यविधि, २०७५(बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७७
- प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७८
- जिल्ला अनुगमन कार्यविधि २०७५
- जिल्ला सभा सञ्चालन कार्यविधि, २०७५
- संघ , प्रदेश र स्थानीय तह वीच अन्तरसम्बन्ध सम्वन्धी ऐन २०७७

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०६३

शाखा अधिकृत

१२. आम्दानी खर्च  तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण

| क्र.स. | विवरण | प्राप्त रकम तथा कोषमा मौजुदा रकम(रु.) | खर्च भएको रकम (रु.) |
|---|---|---|---|
| १. | जि.स.स.कार्यालयहरु(३६५००१०५३-संघीय अनुदान) | १,५०,४७,०००।- | ७१,७७,४५४।- |
| २. | विविध खाता (जि.स.स. मौज्दात कोष + कर्मचारी कल्याण कोष+अन्य आम्दानी) | ११,८०,३१,८११।- | ५,४९,९५,१११।- |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश अनुदान( ३०१०००११३) | ४०,००,०००।- | १७,०४,६०२।- |

**१३.तोकिएबमोजिम अन्य विवरण**

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- विभिन्न विषयगत समितिमा जिल्ला समन्वय समिति र कार्यालयको प्रतिनिधित्व हुने गरेको ।

**१४.जिल्ला समन्वय समितिको वेभसाईट** - www.dcckavre.gov.np

फेसबुक पेज : https://www.facebook.com/districtcoordinationoffice?mibextid=JRoKGi

**१५.जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण** - यस अवधिमा कुनैपनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

**१६. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

- ❖ नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिना जि.स.स. पदाधिकारीज्यूहरुको नियमित बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको ।
- ❖ जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्यप्रगति सम्वन्धी गर्ने गरेको समिक्षाको प्रतिवदेन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको ।

१७. **जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षणगर्न तोकिएको समयावधि** - जिल्ला समन्वय समितिका सवै सूचनाहरु सूचना पाटी ,वेबसाइट र सामाजिक सञ्जालमा हेर्न सकिने व्यवस्था रहेको ।

१८. **जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिईएको विवरण** सरोकारवालाहरुबाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको,यो अवधिमा लिखित रुपमा सूचना माग नभएको ।

१९. **जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण-**

जिल्ला समन्वय समितिका सवै गतिविधिहरु वेबसाईट, समितिको फेसवुक पेज र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अद्यावधिक गरी सचूना पव्राह गर्ने गरिएका साथै जिल्ला भित्रका सम्पूर्ण विवरण समेटी जिल्ला समन्वय समिति दर्पण प्रकाशन गरिएको । जिल्ला सूचना अभिलेख केन्द्र सञ्चालनमा रहेको ।

**थप जानकारीका लागि सम्पर्क - फोन नं. ०११-४९०२४६, ०११-४९०२७**

E–mail: dcckavre@gmail.com

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

शाखा अधिकृत